मिति : २०७७/११/१०

प.सं. च.नं./Ref:

**प्रेस बिज्ञप्ती**

निर्वाचन आयोग
नेपाल
२०२३

**निर्वाचन सामग्री खरिदका लागि बोलपत्र आव्हान गरिएको सम्बन्धमा**

काठमाडौं, फागुन १० गते ।

सम्वत् २०७८ साल बैशाख १७ गते पहिलो चरणमा र ऐ. बैशाख २७ गते दोश्रो चरणमा सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि मतदान केन्द्रमा प्रयोग हुने विभिन्न किसिमका निर्वाचन सामग्री खरिद गर्न बोलपत्र आव्हान गरी ७ दिनको सूचना २०७७ फागुन ११ गतेको गोरखापत्र र यस आयोगको वेभसाइटमा समेत प्रकाशन गरिँदैछ । अधिक संख्यामा बोलपत्रदाताहरुको सहभागिता र स्वच्छ, स्वस्थ प्रतिस्पर्धा होस भन्ने हेतुले खरिद गर्नुपर्ने निर्वाचन सामग्रीहरुलाई विभिन्न ११ समूहमा समूहीकृत समेत गरिएको छ । ग्राह्य बोलपत्रदाताहरुले आयोगबाट मिति २०७७/११/११ देखि मिति २०७७/११/१७गतेको कार्यालय समयभित्र बोलपत्र फाराम खरिद गर्न सकिने र मिति २०७७/११/१८ गते दिनको १२.०० बजेसम्म सिलबन्दी बोलपत्र आयोगमा दर्ता गराइ सक्नु पर्नेछ । सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद कार्य प्रक्रिया अवलम्बन गर्दा घोषित मितिमा निर्वाचन सम्पन्न गर्नका लागि आवश्यक निर्वाचन सामग्रीहरुको व्यवस्थापन गर्न असम्भवप्रायः भएकोले निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ को व्यवस्था बमोजिम छिटो माध्यमबाट निर्वाचन सामग्री खरिद गर्न बोलपत्र आव्हान सम्बन्धी सूचना प्रकाशित गरिएको छ । ग्राह्य बोलपत्रदाताहरुले सूचनामा तोकिएका आवश्यक कागजात र प्रक्रिया पुऱ्याइ बोलपत्र फाराम खरिद गरी अधिक मात्रामा सहभागिता जनाइ स्वच्छ, स्वस्थ प्रतिस्पर्धामा सहभागी हुन आयोग सबैमा अनुरोध गर्दछ ।

०७७।११।१०

(राजकुमार श्रेष्ठ)
सहसचिव एवम्
प्रवक्ता